# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalmun_btw@wlink.com.np


प.सं.०७६।०७७
च.न ३६४०

## प्रेस विज्ञप्ति
## हिंसा, विभेद र ज्यादति विरुद्ध एक हौं

सभ्य, समुन्नत र समृद्ध समाज निर्माणको संकल्प साकार पार्न राज्य केन्द्रित भएको छ। समृद्धि र सुखी खुशी जनता तीनै तहका सरकारको मात्रै नभएर सिङ्गो देशको साझा संकल्प बनेको अवस्था छ।  देशका विभिन्न ठाउँमा भएका जघन्य प्रकारका यौनजन्य हिंसाका समाचारहरु आइरहेका छन्। सार्वजनिक भएका घटना विवरणहरु हेर्दा र सुन्दा समाजमा अझै पनि क्रूर, अमानवीय ,दानवी प्रवृत्ति सोचको अन्त्य हुन नसकेको विडम्बना बोध गराउँछ।

कुनैपनि प्रकारका हिंसा, विभेद र ज्यादति जुनसुकै अवस्था तथा परिस्थितिमा स्वीकार्य हुदैनन्। बुटवललाई लैंगिक हिंसामुक्त शहर घोषणा गरेर त्यसलाई प्रभावकारी कार्यान्वयन गर्न रणनीतिक कार्ययोजना सहित साझा ऐक्यवद्धता जाहेर भइसकेको अवस्थामा यसप्रकारका हिंसा कल्पना समेत गर्न सकिदैन। तर पनि कलिला शिशुदेखि जेष्ठ नागरीक, यौनिक अल्पसंख्यक, बेसहारा, अशक्त अपागंता भएका महिलासम्म यौनजन्य हिंसाको शिकार हुनुपरेका कहालीलाग्दा घटना सार्वजनिक भएका छन्। नाबालिकालाई सामूहिक बलात्कार गर्ने, बलात्कारपछि प्रमाण नष्ट गर्न हत्या गर्ने जस्ता दर्दनाक र क्रूर हिंसाका घटनाले हाम्रो समाजलाई फेरि अर्को अन्धकारतिर धकेल्ने कोशिस भइरहेको आशंका बढाएको छ। कदापी यस्तो हुन दिइनेछैन, सबै मिलेर यसको सामना गरिने छ र समाजलाई आक्रान्त बनाउने जघन्य अपराध, हिंसा र मानवता विरोधीहरुलाई कानुनी कारवाहीको दायरामा ल्याइने छ। यही काममा एक हौं भन्दै सार्वजनिक अपील गर्दछु।

राष्ट्र अहिले कोरना भाइरस (कोभिड १९ )को महामारीको जोखिमबाट गुज्रीरहेको अवस्था छ। यो समयमा महिला, बालबालिका, अशक्त, असाहाय, बेसहाराहरु माथि विभिन्न किसिमका हिंसा, हत्या, यौन दुर्व्यवहार, शोषण र बलात्कारका घटनाहरु हुनु दुर्भाग्य पूर्ण ठानेको छु। यस समयमा आपसी सहयोग, सद्भाव, विश्वास, प्रेम र सम्मानबाट नै समुन्नत सभ्य परिवार र समाजको सिर्जना हुन सक्छ। यस समयमा आउन सक्ने मनोबैज्ञानिक समस्यालाई समाधान गर्न विभिन्न माध्यमबाट मनोसामाजिक विमर्श , परामर्शका कार्यहरुलाई संचालन गरिदै आएको अवस्था पनि छ। यतिबेला हामीले संयम र सतर्कता अपनाउँदै महामारी विरुद्ध स्वनियमको पालना गर्नुपर्ने छ।

महिलालाई परम्परागत, पूर्वाग्रही भूमिकामा मात्र नराखी, एउटा नयाँ र आधुनिक भूमिकामा ल्याउने कामको उदाहरणीय सुरुआत नेपालबाटै भएको हो। हरेक प्रकारका हिंसाको अन्त्य गर्दै सभ्य र समृद्ध समाज निर्माणको उदाहरण पनि हामीबाटै गराउनुपर्ने छ। हाम्रो राष्ट्र विभिन्न सन्धि, महासन्धि तथा अन्तर्राष्ट्रिय कानुनको पक्षधर भइसकेको कुरा सर्वविदितै छ।

# बुटवल उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalmun_btw@wlink.com.np


प.सं.०७६।०७७
च.न ३६४०

यस्ता अवधारणालाई हामीले संविधानको मूल्य मान्यता अनुरुप समाज रुपान्तरण गरी व्यवहारमा लागु गर्दै अधिकार र कर्तव्यलाई आत्मसाथ गरी अगाडि बढिरहेका छौं । संविधानमै महिला विरुद्ध हुने कुनै पनि प्रकारका हिंसाजन्य कार्य र शोषण नगरीने विषयलाई समेटीनुका साथै यस्तो कार्य दण्डनीय हुने कुरा उल्लेख गरीएको छ । यस्ता महत्वपूर्ण काम भइरहेका बेलामा देशका विभिन्न ठाउँमा हुने र बुटवल नगरक्षेत्रमा भएका हिंसाका क्रूर घटनाको सबै मिलेर प्रतिकार गरी पीडितलाई न्याय र पीडकलाई कानुनी सजायको दायरामा ल्याउन सहकार्य गरौं । हिंसा र विभेद परिवार, समाज र राष्ट्रबाटै अन्त्य गरौं ।

-गुमादेवी आचार्य
उपप्रमुख,
संयोजक , लैगिंक हिंसा मुक्त बुटवल नगर समन्वय समिति
बुटवल उपमहानगरपालिका रुपन्देही
२०७७ जेठ ३२ गते